TEJGANGA DARPAN
A Multidisciplinary Peer Reviewed Journal
ISSN: 2717-4883
DOI Indexed in NepJol

Tejganga Multiple Campus
Kavrepalanchok, Panauti Nepal
URL:
www.tejganga.edu.np

# पारिजातको कथाहरूमा विसङ्गतिपरक चिन्तनमा विसङ्गति

**डा. अम्बुभवानी कार्की**
सहप्राध्यापक तेजगंगा बहुमुखी क्याम्पस, काभ्रेपलाञ्चोक, नेपाल
ambubhawanikarki@gmail.com

Received: 20 December 2025; Revised & Accepted: 25 January 2026; Publication: 1 March 2026

**Copyright: Karki (2026)**

**This work is licensed under a Creative Commons Attribution-Non-Commercial 4.0 International License.**

## लेखसार

प्रस्तुत अनुसन्धानमा पारिजातका कथाहरूमा विसङ्गतिवाद केलाउने क्रममा दशवटा मानक सिद्धान्त चिन्ता, व्याकुलता र दुःख, निराशा, एकाङ्गी/एक्लोपन, पृथकता, सन्त्रास, तनावग्रस्तता, निरर्थकता, विसङ्गति शून्यता, मृत्यु मध्ये विसङ्गतिको अध्ययनमा केन्द्रित छ । पारिजातको चारवटा कथासंग्रहहरू 'आदिम देश' (२०२५), 'सडक र प्रतिभा' (२०३२), 'साल्गीको वलात्कृत आँसु' (२०४३) र 'बधशाला जाँदा आउँदा' मध्ये यस अध्ययनमा **आदिम देश** कथा सङग्रहमा रहेका १२ कथाहरू मैले नजन्माएको छोरो, बीसौं शताब्दी एउटा गल्लिमा, तिउरीको फूल, पायरियाको गन्ध, आदिमदेश, सिमेन्टि भित्र एउटा राजबेली, उडानमा, संधै वित्नु पर्ने हामी सोफिजम मेरो लोग्नेसँग कुराकानी, निर्माणको मोडेल समयभित्र, साइनो ग्यानीटको टुक्रासँग, अनिदो र शून्यता, अप्ठ्यारो र अभ्यस्त मान्छे शीर्षकका कथाहरूको बिश्लेषण गरिएको छ । यी कथाहरूमा मान्छेले विसङ्गतमात्र भोगेको सन्दर्भ केलाइएको छ । यी कथाहरूमा मान्छेले विसङ्गतको चर्चा गर्ने सम्बन्धमा विसङ्गतको पृष्ठभूमि सहित अगाडि बढाई चर्चा गरिएको छ । विसङ्गति मानिसले सामाजिक व्यवहारबाट छुटकारा पाउन नसक्नु र जीवनलाई ठीक ढङ्गले सञ्चालन पनि गर्न नसक्नु विसङ्गतिको पराकाष्ठा नाग्नु हो ।

विसङ्गतिको बारेमा दार्शनिक जाँपाल सार्त्रले मान्छेको जीवन भोगाइको क्रममा 'नौसिया' उपन्यासको पात्र आन्तोम रेक्वातिनको विसङ्गतिले भरिपूर्ण जीवन प्रस्तुती गरेर बर्तमान मान्छे रेक्वातिनको जीवन भोग्न बाध्य र विवस मान्छेको पुष्टि गरेका छन् । मानिस धेरै इच्छा सम्भाबनाहरू बोकेर यस भूमिमा आउछ तर उसले आफूलाई आफ्नो गति अगाडि बढाउने क्रममा एक्लो, निरीह र निरर्थक पाउँछ । यस युगमा मान्छे समक्ष विसङ्गतिले भरिएको जिन्दगी मात्र रहन्छ । यर्थाथमा विसङ्गतिपरक सहित्यको केन्द्रविन्दु व्यक्ति नै हो भनेर निस्कर्ष निकालिएको छ ।

***मूलशब्द*** *: विसङ्गति, विसङ्गतिवाद, मानक सिद्वान्त, महाविसङ्गतिवाद, रुग्ण विकृति ।*

## विषय प्रवेश

पारिजात (वि सं १९९०-२०५०) नेपाली साहित्य यात्रा दुवै कविताबाट भएको हो । उनका ४९ वटा कथाहरू चारवटा कथासङग्रहमा प्रकाशित छन् । प्रस्तुत अध्ययनमा पारिजातको **आदिम देश** कथा सङग्रहका १२ ओटा कथाहरूमा विसङ्गतिवाद भित्रको दशवटा मानक सिद्धान्त चिन्ता, व्याकुल र दुःख, निरासा ,एक्लोपन पृथकता, सन्त्रास, तनावग्रस्तता, निरर्थकता, विसङ्गगति शून्यता मृत्यु मध्ये विसङ्गगतिको अध्ययन गरिएको छ । आफू बसेको धर्ती, विसङ्गत, वाहियात, निस्सार तथा निरर्थक लागे पछि विसङ्गत हुन्छ । सामाजिक व्यवहारबाट छुटकारा पाउन नसक्नु र जीवनलाई ठीक ढङगले चलाउन पनि नसक्नु मान्छे विसङ्गत हुनु हो । यसको अर्थ जीवनप्रति वैराग्य छाउनु पनि हो ।

अल्बेर कामुले 'ला स्ट्रेन्जर'(इ १९४२) 'ला मिथ डे सिसिफे (इ १९४२) 'द प्लेग'(इ १९४५) का कृतिमा सन्त्रास,मृत्यु आशङका, तनाव, भय, विसङ्गति आदिको अभिव्यक्ति दिएका छन् (सिंह, इ १९८८: १३२) । मानिस धेरै इच्छा सम्भावनाहरू बोकेर यस भूमिमा आउँछ तर उसले आफूलाई आफ्नो गति अगाडि बढाउने कममा एक्लो र निरर्थक पाउँछ । 'यसको समाधान आत्महत्याबाट पनि सम्भव छैन, विसङ्गगतिको उपचारै छैन' (सिंह,इ १९८२:११६) । विश्वमा भएका दुई ठूला विश्वयुद्वले विसङ्गगतिको चरम विकास भएको हो । मृत्युको आशंकाबाट उत्पन्न भय त्रास निरासा तथा पिडाबाट मान्छेलाई विसङ्गगतिले घेरिएको आजको मान्छे सामाजिक तथा राजनीतिक उपलब्धिबाट प्राप्त सुरुमा विश्वास नगरी दुःख र पीडा अनिर्वाय तत्व हो भन्ने ठान्दछन (गौतम, इ २००१:१३९) । सेन्डर एल.गीलमेनका अनुसार ईश्वरको मृत्युको घोषणा पछि त्यसको प्रभाव प्रत्यक्ष हरूमा मानव जीवनमा पऱ्यो । ईश्वरको मृत्यु पछि केही मात्रामा भए पनि मानवीय कार्यमा धर्ममा र स्वतन्त्र

निर्णय गर्ने शक्तिमा समेत परेको कुरा निप्सेले -जरार्थुस्ट) (इ १८८३) मार्फत घोषणा गरेका छन् । जसको कारण मान्छेले बाहय तहमा मात्र नभएर आन्तरिक तहबाट पनि विसङ्गतिको चर्को अनुभूति गर्छ (गीलमेन, इ १९७६:६४)। आधुनिक मान्छे मानवीय सम्बन्ध र चेतना तथा मान्यताबाट टाढिएको छ । आफ्ना पुराना मूल्य मान्यतालाई नमान्ने भएको छ । बिसौं शताब्दीका साहित्यहरूमा खास गरि फ्रान्ज काफ्काका आख्यानमा मानवीय सम्बन्ध छिन्न-विछिन्न भएको कुरा मार्टिन एस्लनले उल्लेख गरेको कुरा अगाडि आएको छ (चरिस, ई १९९६:१)। यही मानवीय पिडा, चिन्ता र निराशाबाट मान्छेलाई विसङ्गतिले गाँजेको छ भन्ने समस्यामा यो लेख केन्द्रित छ । यही समस्याको समाधान गर्नु नै यस लेखको मुख्य उद्धेश्य रहेको छ ।

आजको मान्छेमा आशाको तन्तु बिच्छिन्न, भए पछि विसङ्गतिबोध हुनु भनेको जीवनलाई सारपूर्ण रूपमा बाँच्ने आशा गर्नु धेरै परको कुरा हो जहाँ यी कुरा सोच्न पनि सकिदैन । त्यस्तै पारिजातले 'मैले नजन्माएको छोरो' कथामा काल्पनिक छोराको विकृत देखेर पात्रको माध्यमबाट 'म सराप्छु युग परिवर्तनलाई, शिक्षा पद्धतिलाई आमाहरूको मायालाई, केवल सराप्दिन आफ्नै कायरतालाई घृणा र हीनतालाई अनुभवले मेरा मुहार भरी विकर आउँछ" (पारिजात,२०२५:२४) भनेर कथालाई विसङ्गतर्फ डोऱ्याएकी छन । यिनै र यसै बिषयमा केन्द्रित भई अध्यन गर्नु यस लेखको क्षेत्र हो भने अन्य बिषयमा प्रवेश नगर्नु यसको सिमा हो ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययनमा पारिजातका १२ ओटा कथाहरूमा विङ्गसगति खुट्याउन अध्ययन विश्लेषण गर्ने कममा आवश्यक सामाग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस अध्ययनमा विश्लेष्य कथाहरू मैले नजन्माएको छोरो, बिसौं शाताब्दी एउटा गल्लीमा, तिउरीको फूल पायरियाको गन्ध, आदिमदेश, सिमेण्टीभित्र एउटा राजवेली, एक उडानमा, सधै बित्नु पर्ने हामी, सोफिजम मेरो लोग्नेसँग कुराकानी, निर्माणको मोडेल समयभित्र, साइनो ग्यानीटको टुक्रासँग, अनिदो र शून्यता, अप्ठ्यारो र अभ्यस्त मान्छेलाई प्राथमिक स्रोतको हरूमा लिइएको छ । यिनै कथाहरू विश्लेशण गरी अध्ययन पत्र पनि प्रयोग गरिएको छ, समालोचकहरूका समालोचना टिप्पणी तथा आफ्नो विद्यावारिधि उपाधिका लागि प्रस्तुत गरिएका प्रकाशित अप्रकाशित शोधप्रबन्ध र

समीक्षाहरूको सहयोग लिइएको छ । प्रस्तुत लेखमा सङकलित सामग्रीको बिश्लेषण विङ्गसगतिवादको सैद्धान्तिक पर्याधारमा केन्द्रित छ । गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषण केन्द्री ढाँचामा तयार पारिएको यस लेखलाई व्याख्यात्मक र विश्लेषणात्मक बिधिका आधारमा विश्लेषण गरिएको छ ।

## सङकलित सामाग्रीको विश्लेषण गर्ने आधार

पारिजातका कथामा विसङगतिवाद पहिल्याउनका लागि कृति विश्लेषणको सैद्धातिक मानक सिद्धान्त तयार पारिएको छ । यहाँ कथात्मक कृतिहरूको विष्लेषण विवेचना गर्दा उल्लेख गरिएका १० वटा मानक सिद्दान्तहरू चिन्ता, व्याकुलता निराशा, एकाङ्कीपन, पृथकता, सन्त्रास, तनावग्रस्तता, निरर्थकता, विसङगति, शून्यतोध र मृत्युसन्दर्भ मध्ये विसङ्गतिको मात्र अध्ययन गरिएको छ । विसङ्गतिलाई मात्र सैद्धान्तिक रूपमा आधारित भएर विसङ्गत स्थिति ठम्याउँदा खासगरी नेपाली समाज  तथा संस्कृतिसँग पनि कति सापेक्ष र कति निरपेक्ष रहेको छ । त्यसको पनि पहिचान गरिएको छ । प्रस्तुत अध्ययनमा विशेषतः विश्लेषणत्मक पद्धतिलाई समेटेर गरिएको छ । यो अध्ययनकार्य विद्यावारिधि उपाधिका लागि प्रस्तुत गरिएको शोध प्रवन्धसँग र पुस्तकालीय विधिमा केन्द्रीत रहेको छ । यस अध्ययनमा कथाकारको विसङ्गति खुट्याउन मात्र सीमीत रहेको छ । यस अध्ययनमा कथाको अन्य पाटो विश्लेषण गरिएको छैन् ।

## सैद्धान्तिक पर्याधार

विसङ्गतिपूर्ण जीवन भोगाइका क्रममा दार्शनिक जाँ पल सार्त्रले 'नौसिया' उपन्यासको पात्र आन्तोम रेक्वातिनको विसङगतिले भरिपूर्ण जीवनको प्रस्तुति गरेर वर्तमान मान्छे रेक्वातिनका जीवन भोग्न बाध्य र विवश भएको पुष्टि गरेका छन् । प्रथम र दोस्रो विश्वयुद्धले ल्याएको जीवन भोगाइलाई हुबहु रूपमा साहित्यिक कृतिका माध्यमबाट प्रस्तुतीकरण गर्ने काम सुरु भयो । त्यसैको परिणाम फ्रान्ज काफ्का (१८८३–१९२४) को 'द ट्रयापल' (१९२४) र 'दक्यासल' (१९२६)जस्ता कृतिहरू प्रकाशित भए । यी कृतिहरूमा 'ला मिथडे सिसिफे' र 'ला स्टेजन' जस्ता दार्शनिक साहित्यक कृतिहरू प्रकाशित भएपछि विसङ्गतिले स्थान पाउन थालेको देखिन्छ । सबैतिर उथलपुथल पार्ने राजनीतिले साहित्यमा पनि प्रभावत पार्छ नै । सामाजिक र राजनैतिक परिवर्तनले विचारमा पनि प्रभाव पारेको हुन्छ । साहित्यमा विसङ्गति अनुभूति गर्ने मुख्य मुख्य अवस्थाहरूले विसङ्गति अवधारणा मानिन्छन्

। मान्छेका शून्यता, निराशा, मूल्यहिनता, अर्थहिनता, मृत्युबोध र पृथकताको अनुभूतिबाट विस्ङगतिको चरम अनुभूति हुन्छ भन्ने पुष्टि गर्न कामुले 'ला मिथडे सिसिफे' नामको कृतिबाट विसङ्गतिको दृष्टिकोण अगाडि बढाएको देखिन्छ । यिनै चिन्तनमा केन्द्रित रहेर विस्ङगतिलाई प्रस्ट्याउने आधारहरू तयार पारिएको छ । विश्लेषण गर्ने मानक तयार पार्ने क्रममा मानवको स्थिति शून्यता, ब्याकुलता एक्लोपन, निराशा, सन्त्रास, तनावग्रस्तता, विसङ्गति, मृत्युवोध जस्ता उपकरणहरू प्रस्तुत गरिएको छ । व्याख्या विश्लेषण गर्ने कममा पारिजातको कथाहरूमा विसङ्गतिवादी चिन्तनमा विस्ङगति पहिचान गर्न सकिने आधार सामाग्री रहेकाले विसङ्गतिलाई केलाइएको छ ।

यस अध्ययनमा पारिजातका कथाहरूमा विसङ्गति केलाउने क्रममा उनका कथाको विश्लेषण र मूल्याङ्कनका लागि प्रयोग गरिएको सैद्धान्तिक आधारहरू मध्ये विस्ङगतिलाई मुख्य रूपमा मानक सिद्धान्त मानेर विश्लेषण गरिएको छ । कथा विश्लेषण र मूल्याङ्कनका लागि कथाका पात्रहरूलाई केन्द्रविन्दु मानेर उपकरण र कथाका बिच  परीक्षण गरिएको छ । किनभने पात्र मान्छेबाट मात्र जीवन र जगतमा हुने विसङ्गति ठम्याउन सकिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा पारिजातका १२ वटा कथाहरूका पात्रलाई लिइएको छ । यी कथाका पात्रहरूमा पारिजातले वर्तमानका मान्छेले विसङ्गति मात्र भोग्ने सन्दर्भ प्रस्तुत गरेको छ । मानवीय जीवनलाई छिन्नभिन्न हरूमा प्रस्तुत गर्ने क्रममा कथाका पात्रहरूलाई प्रस्तुत गरेर जन्मसँगै मृत्यु गाँसिनु भनेको मृत्युका अगाडि निरूपाय बन्नु र आफ्नो स्वतन्त्रता पाउन नसक्नुमा चरम विसङ्गतिको अनुभूति गरेको प्रष्ट पारिएको छ ।

## नतिजा र विमर्श

पारिजातको 'आदिम देश' कथासङ्ग्रहमा सङ्ग्रहीत कथाहरूमा रहेका विसङ्गति चिन्तनलाई उत्तरप्रत्यक्षवादी पद्धतिमा केन्द्रित भई विश्लेषण गर्ने कममा तलका उपशीर्षकका आधारमा निरूपण गरिएको छ ।

### मैले नजन्माएको छोरो

पारिजात शारीरिक रूपबाट कमजोर भएपछि पुतली सडकको डेरामा दिनभरी कोठामा बसेर

झ्यालबाट बाटोको दृश्यहरू अवलोकन गर्ने क्रममा मैले नजन्माएको छोरो कथा लेख्न पुगिन् । कथाकारले कथामा आफूलाई 'म' पात्रका हरूमा उभ्याएर एउटा किशोरको व्यवहार देखाउँदै आफ्नो पनि समयमै बिहे भएको भए यस्तै ढड्डु छोरो खेलाउने कल्पना गरेर जीवनलाई अमिल्दोपनको अभिव्यक्ति दिन सफल भएकी छन् । 'म' पात्रको कल्पनाको छोरो अर्थहीन रहेको छ । 'म' पात्रको केन्द्रीयतामा उसको जीवन भोगाइको अभिव्यक्ति कथामा रहेको छ भने उनको शारीरिक कमजोरीले कहीँ जान नसकी दिनभरि झ्यालबाट एकनासले हेरिरहनुमा जीवनका क्षणहरू बिताउन विवश रहेकी छ । जसलाई कुनै आशा छैन र भन्न पुग्छे- 'म हृदय भरी आदर्शहरू बोकेर हिँड्छु तर तीमध्ये कुनै पनि काम लाग्ने, लागु हुन सक्ने प्रगतिशील खालका छैनन् । यस्तो छरपष्टिएको र नपाकेको आदर्श भएर होला, मेरो कुनै ठोस उद्देश्य पनि छैन । कसैप्रति मेरो रुचि छैन (पारिजात, २०२५ः १९) ।'

कथाकारले जीवनको अमिल्दोपनको प्रस्तुतिका लागि केन्द्रित भई उमेरमा समेत बिहे गर्न रहर नगरेकी तर विवाहविना ढड्डु छोरा  कल्पना गर्न पुगेकोमा ईश्वर बराल भन्छन्- 'फलतः न ऊ प्रेमार्थिनी भई कसैलाई प्रेमार्थी बनाउने सुखेप्साले परिउत्सुक भई न कसैद्धारा याच्या नै । उसका निम्ति पति नाउँ सुरु अमानवीय औ नितान्त जुगुप्सावह भइदिएकाले न उसलाई बिहे गर्ने रहर भयो न गृहिणी बन्ने सोख । यसप्रकार उसले आफूलाई "न फुल्ने रुख" औ "कडा ढुङ्गा" बनाएकी थिई तर एक तेह्रवर्षे ठिटालाई आफ्नो छोरो बनाउनृ रहर भएदेखि अन्तर्निष्ठ निर्लिप्त औ निःसृह बूढीकन्नेका मानसमा नौलो रसोद्रक भयो अनि ऊ सुखपरवाहले लालायित भई (बराल, २०५८ : १०२) ।' यसबाट प्रष्ट हुन्छ एउटी अविवाहित 'म' पात्रले विवाह र पतिविना नै छोराको कल्पना गर्नु विसङ्गतलाई प्रस्ट्याउने काम गरेको पाइन्छ । एउटी कुमारी केटीको विडम्बना पूर्ण भोगाइ र मनका दमित भावनामा बाँच्न विवश देखिन्छे । अब बिहे नहुने भएपछि लोग्ने शब्दमाथि नै घृणा र तिरस्कार हुन थालेको छ । त्यही कुरा 'म' पात्रलाई भएको छ र मानसिकतामा असर परेको छ । ऊ आफूलाई एक्लो, निरर्थक, शुष्क तथा विसङ्गतले घेरिएको अनुभूति गर्न पुग्छे । 'म' पात्र आफूले कल्पना गरेको छोरो आकल झुकल झ्यालबाट  हेर्ने गरेकी छ । त्यही छोरो अब उसले हेरेको थाहा पाएर सुसेल्ने, आँखा जुद्धा मस्किन थाल्यो । आफ्नो प्रगाढ मातृत्वग्रन्थिले 'म' पात्रलाई केटाको बोली वसन्त ऋतुको बिहानीपख चरा कराएको जस्तो लाग्यो । केटालाई देख्ने बित्तिकै मातृत्व खनिएर अँगालो हाल्ने काँखमा राख्ने म्वाइँ खाने रहर  र मोहले तान्यो ऊ अधिर हुन थाली। 'हुँदाहुँदा मेरो

मन पराइ त्यो ठिटोप्रति सीमा नाघेर गइसकेको छ । त्यसलाई देख्दै म अधिर हुन्छु । उसलाई अंकमाल गर्न मन लाग्छ उसको दुवै गालामा म्वाइँ खान मन लाग्छ (पारिजात, २०२५:२१) ।' यसरी जहीँतहीँ छोरो छोरो देख्न पुगेकी 'म' पात्र फेरि छोरोको कल्पनामा पोइ सम्झन पुग्छे जुन उसले कहिल्यै कल्पना नगरेको वस्तु हो । जुन शब्दले उसलाई घिन लाग्छ र भन्न पुग्छे- 'यो पोइ नामको कुनै जीवलाई जबरजस्ती अँगालेर राख्न चाहन्छु, छोरोको मूर्ति हटाउन चाहन्छु, तर पोइ भाग्छ । काखमा उही ढड्डू छोरो पल्टिरहन्छ (पारिजात, २०२५:२२) ।' उमेर पुगेपनि कतै यौवनले विदा नलिएर पो हो कि मानसिक विकारले पीडित पो हुन्छु  कि क्या भन्ने शङ्काले 'म' पात्र सन्त्रस्त हुन पुग्छे । तर उसले यस किसिमको विकारलाई अगाडि ल्याउनु विसङ्गत हुनु हो । यस कथामा विसङ्गतबोध गर्ने सामाग्री प्रस्तुत भए अनुसार 'म' पात्रले पति नभई आमा हुन खोज्नु र त्यसमाथि झन एकैचोटि ढड्डु केटो नै  चाहिनु आफूले नरोपेको बिरुवालाई एकैपल्ट हलक्क बढाएर फलाएर फलदायी बनाउन खोज्नु विकृत मनस्थिति हो । पोई नाउँ सुन्न नचाहनेले छोराको रहर गर्नु विसङ्गतबोध गर्नु हो । त्यसमा पनि जुन छोरो भावनामा दृढ भएकी थी, त्यही एकदिन खस्क्यो र विश्वास टुट्छ साथै पराजय ठान्न बाध्य भएकी छे । छोरो बनाउन खोज्दा कस्तो बदमास रोज्न पुगेछु भनेर उसलाई ग्लानी बोध भयो । त्यो केटो किताब बेच्ने, चुरोट खाने, भट्टी पसलमा आमा समानको साहुनीसँग हातै हालेर चल्ने दृश्यले कस्तो अयोग्य रहेछ भनेर 'म' पात्रलाई आफ्नो छातीबाट गह्रुँगो ढुङ्गो हटेझैं भयो र 'म' पात्र बरबराउँछे तर मेरो पछि ऊ आइरहेछ, घण्टी जस्तै बज्दै चरा जस्तै  चिरबिराउँदै । ऊ भन्छ- 'म प्रस्ट हुन्छु र विश्वास गर्छु, मेरो लगाई  र हिडाइमाथि कैफियत दिई बोल्दै गएका निम्न कोटीका शब्दहरू । मलाई नै घोचपेच गर्दै छुटिरहेका तल्लो दर्जाका बोलीहरू । तर मलाई लाग्छ पिस्तौलको तातो गोली कानबाटै सन्सनाएर गइरहेको छ ( पारिजात, २०२५:२४) ।'

कथामा 'म' पात्रको जीवन भोगाइको पिडा अन्र्तद्वन्द्व खोतल्दै एउटी उमेर पुगेकी अविवाहित एक्ली महिलाको अर्थहीनता र विडम्बनापूर्ण जीवन व्यतित गर्नुपर्ने बाध्यतालाई उजागर गर्ने क्रममा उसले विसङ्गतिको भूतभूते मात्र प्राप्त गर्छे, जसले उसलाई कुण्ठा, पीडा दिएर रापिलो आगोले डाम्ने काम गरेको पाइन्छ । भनिएको छ-'म धेरै कठोर भइसकेको छु । म भित्र सल्बलाइ रहेको त्यो तरल पदार्थ पुष महिनमा पानी जमेझैं जमिसकेको छ । अब पग्लन्न (पारिजात, २०२५:२५) ।'

**बिसौ शताब्दी एउटा गल्लीमा**

'बिसौ शताब्दी एउटा गल्लीमा' कथामा विसङ्गतिबोध उत्पन्न गर्ने घटनाहरू संयोजन गरेर 'म' पात्रलाई केन्द्रीय पात्रको रूपमा प्रस्तुत गर्दै कथाकार पारिजातले कथालाई अगाडि बढाएकी छन् । 'म' पात्र क्यान्सरले ग्रस्त छ डाक्टरले एक वर्षपछि मृत्यु हुन्छ भनेको छ । मृत्युको नजिक पुगेको ऊ गल्लीनेर एउटा डेरामा आराम गर्न बसेको छ तर उस्ले त्यहाँ शान्तिले सुत्न पाएको छैन । वातावरण राम्रो छैन खेलाबैलाको साँधी नै छैन, विसङ्गतिको खाट छ । मृत्यु सजीव भएर आफ्नो उपस्थिति जनाइरहेछ त्यसैसित जीवनक्रम तथा जीवन सङ्घर्ष पनि गाँसिएको छ । यस्तै परिवेशमा 'म' पात्रको कानमा एक असहाय तमाखु पसले साहूसाहूनीको दुःख दायी र गरिबीले जर्जर भएका दैनिकीमा सकसले मृत्युका विभीषिकाका छायाँले अभिभूत हुन बाध्य भएर जीवनयापन गरिरहेका छन् । यस्तै अर्को घटना छिमेकमा नै एक व्यक्तिले आफ्नो घरलाई वेश्यालय बनाएको छ र आइमाईका वेश्यावृत्तिको कमाइबाट ऊ आफ्नो गुजारा चलाउँछ । डाक्टरबाट एक वर्ष आयु तोकिदिएको 'म' पात्र केही समय बाँच्नुमा पनि शान्ति पाएको छैन । मृत्युको पर्खाइमा पनि ट्युमर त दुखेकै छ  तर छिमेकका घटनाहरूले मृत्युसँग नडराएको अभिव्यक्ति यसरी दिन पुग्छ- 'सायद मेरो मृत्यु अब त्यति डरलाग्दो छैन । डाक्टरले अरू एक वर्ष भनेको छ, तर म अहिले पनि मर्न सक्छु अवश्य यसले लाशको क्यू बोकेर गएको छ, शायद टाढा पुगेको छैन (पारिजात, २०२५:६) ।' छिमेकका मनै छुने घटना जहाँ विसङ्गत छ जुन कारण 'म' पात्रलाई झन पीडा थपिएको छ पेट बेस्करी दुख्छ जुन पीडाले छट्पटाएको छ त्यसको समाधान छैन आफूले खोजेको शान्ति र आराम नपाएपछि नमिठो विसङगति अनुभूति गरेको छ । ऊ भन्छ- 'म त्यो मान्छे जसको मृत्यु तोकिएको छ एउटा खास अवधिपछि (पारिजात, २०२५:८) ।'

तमाखु पसलेका दम्पत्तीले पनि कथामा विसङ्गतिबोध गरेका छन् । अभाव ग्रस्त जीवनमा बाँचेका दम्पत्तीले मुसा मार्न प्रयोग गरेको विषले कुखुरा कुकुर पनि मरेको छन्, ती लाशहरू फाल्न लाने कुरा गर्दा गर्दै पसल्नीलाई सुत्केरी बेथा लाग्छ तर पसलेसँग मुसालाई मात्र हैन छोराछोरीलाई पनि खुवाउन असमर्थ छ । उसले गर्भ निरोधक बाटो हेरेको छ तर केही गर्न सक्दैन जे होस् बच्चा जन्मन्छ मर्छ मरेको पनि छोरा पाएकोमा दङ्ग पर्छ । मरेकोमा त्यही कुखरा कुकुरको लाशमै विना अर्थको छोरो पनि हुन्छ जुन निरर्थक छ पसले र पसल्नी पनि निस्सार र साहरीन जीवन भोगिरहेछन्

। पसले साहुले आफ्नो वस्तीको फोहोरको निकासा नभएकोमा सब चीज निकासा हुने तर फोहोरको नहुने भन्दै मन्जुश्रीले चोभारको पहरा फोरकैमा निराशा व्यक्त गर्दै नमिठो विसङ्गतिबोध गरेको छ । यसलाई पारिजातले यसरी प्रस्तुत गरेकी छन्- 'हरे ! हाम्रो चोक, हाम्रा गल्ली । यहाँ चामलले निकासा हुन पाउनु, घ्युले निकास हुन पाउनु । मान्छेले निकासा हुन पाउनु, मैला पानीले नपाउनु ? चोभारको पहरा सितै फोऱ्यो मन्जुश्री, व्यर्थै फोऱ्यो, निरथृक फोऱ्यौ ! (पारिजात, २०२५: ८) ।' जीवन सोचे अनुसार चल्न सकेको छैन जताततै अभाव, निराशा र कुण्ठामा बाँच्न बाध्य छ । जीवनमा कतै सङ्गति नदेखेपछि पसले पसल्नी दुवै विसङ्गतिबोध गर्दै बाचेका छन् । 'म' पात्रको नजिक अर्को प्रसङ्ग एक व्यक्ति काजीले घरलाई वेश्यालय बनाएको छ । यो विकृत पेशामा आएकी केटी आफ्नो राम्रो लोग्ने छोडेर वेश्यालयमा आएकी छे । ऊ पेटको समस्या यौनको समस्याले होइन ऊ ओठमा लाली पोत्न र राम्रा फेशन मात्र गर्न आएकी छ । उसले जीवनलाई खोक्रो आडम्बरी सम्झेकी छ । यहाँ उसले पनि जीवनलाई सकारात्मक सोचाई राखेकी छैन, जुन सोचाइले उसले जीवन चलाउन सकेकी पनि छैन । यस कथामा देखेका घटनाहरूले विसङ्गतिबोध हुने तन्तुहरूको संयोजन गरिएको छ । यसमा निस्सारता, निरर्थकता, शून्यता तथा अभाव निराशाले जीवनको सङ्गति नदेखिएको अवस्थाले मानव जीवनलाई क्यान्सरको ट्युमरसँग तुलना गरिएको र मान्छेलाई अर्थहीन, निष्प्रयोजनीय बनाइएको कथाको मूलकथ्य नै विसङ्गतिबोध भएको छ ।

### तिउरीको फूल, पायरियाको गन्ध

यस कथामा कथाकार पारिजातले चरम विसङ्गति गराउने घटनाहरूको संयोजन गरेर कथाकार व्यक्तित्व विकास गरेकी छन् । 'म' पात्रको केन्द्रियतामा एउटा विरुपा लाटीको वरिपरिमा बुनिएको कथानकले विसङ्गतिमूलक घटनाहरूलाई विकृत होस् या जीवन भोगाइ कै दिनचर्याका हरूमा प्रस्तुत गरेको छ । जीवनलाई सङ्गतिपूर्ण ढँङ्गले भोग्न खोज्दाखोज्दै कथाका पात्रहरू विकृत यौनसुख तिर ढल्केर अगाडि बढेका छन् । यहाँ पुरुष जाति प्रति घृणा उत्पन्न भएको छ, उपहास भएका छन् । यौनलिप्सा शारीरिक सुख भोग गर्न पुरुषलाई आइमाई नाम मात्र भए पुग्ने त्यसका पछाडि केही नचाहिने र परिणामको वास्ता नभएको यौनविकृति प्रस्तुत गरिएको छ । कथामा लाटी, दृष्टिकटु, अनाकर्षक र फोहोरी छे, जसका मुखबाट पायरियाको दुर्गन्ध आएको अनुभव 'म' पात्र कथावाचकले गरेकी छ ।

कथामा कथावाचक 'म' पात्र सधैंजसो राती नौ बजे घर फर्कदा लाटीका दिनहरू देख्छ । ऊ लाटीलाई आफ्नो घरनेरको मन्दिरमा खुड्किलामा पानी परेको बेला नजिकको छाप्रोबाट सुतिरहेको पाउँछ । स्वास्नी भान्सा कुरिरहेकी हुन्छे । लोग्नेप्रति अत्यन्त खुसी र सन्तुष्ट हुन्छे । राती अवेर घर फर्कदा पनि केही गुनासो गर्दिन । ऊ महिला हो, प्रेम विवाह भएको छ । लोग्नेलाई मिठो भान्सा तयार पार्नु सिँगारिनुमा रमाएकी छे । तर ऊ लोग्नेका निम्ति मोहनी हुन सक्तिन । पत्नी प्रति आकर्षित हुनुपर्ने पति अनाकर्षक र फोहोरी जसका मुखबाट पायरियाको दुर्गन्ध आउँछ, जसले पनि सित्तैमा भोग्छ त्यही लाटीप्रति पो आकर्षित भइरहेको हुन्छ । जुन कथावाचकमा विसङ्गत देखिन्छ । दैनिक ऊ लाटी र उसको फोहोरी शरीरसँग खेल्ने कामुम पुरुषहरूको क्रियाकलाप देखेर क्षुब्ध भएको छ । घृणाजन्य अनुभूतिले उसका शरीरका ज्ञानेन्द्रिय यति प्रभावित हुन्छन् कि पछि ऊ आफ्नै स्वास्नीका मुखबाट पायरियाको गन्ध आएको जस्तो महसुस गर्न थाल्छ, अनि स्वास्नी पनि घृणाको पात्र हुन्छे । यस प्रकार कुरूप वस्तुबाट उत्पन्न हुने जुगुप्साले 'म' पात्रलाई आफ्नी सुन्दर स्वास्नीदेखि कहाँसम्म विरक्त पारिदियो भने ऊ राती सुत्दा पनि  अर्को दिशातर्फ फर्केर सुत्छ । विहान उठ्दा ऊ स्वास्नीलाई  पनि लाटी देख्छ । यतिसम्म कि एकदिन घर आइरहेको बेला एक साँझ लाटीलाई साक्षात्कार गर्छ र अनायस उसको विरक्ति आशक्तिमा फेरिन्छ । ऊ कामेच्छाले लिप्त भई लाटीलाई सुन्दरी देख्न पुग्छ । विहरूा लाटीलाई विश्वसुन्दरी झै देख्छ । केही समय अघिसम्म लाटीदेखि विरक्त 'म' पात्र अब लाटीसँग समागम गर्छ । ऊ भन्छ- "म लाटीको छेवैमा हुन्छु, उसको मुखैमा हुन्छु र ऊ माथि नै हुन्छु । म बेहोस छैन, कल्पना गर्छु लाटी र आफैलाई 'द रेप' शीर्षकको तस्वीरभित्र सजीव भएर चल्वलाइरहेको अटाइरहेको । एउटा विवशताले मलाई छाप्रोभित्र अल्मल्याएको हुन्छ (पारिजात, २०२५ : ३८) ।" उपर्युक्त घटनामा जीवनको दृष्टिकोण घरको सुन्दर स्वास्नी लाटीमा साक्षात्कार हुनु 'म' पात्रले चर्को विसङ्गतिबोध गरेको तथ्य प्रष्ट हुन्छ ।

'कथा' की पात्र लाटी पनि जीवनमा विसङ्गति बोध गर्दै बाँचेको छ । मन्दिर वा पाटीमा र गल्लीका फुटपाथमा बास बस्ने लाटी विरूपा र फोहोरी भए पनि निम्नस्तरका टुरिस्ट गाइड पुलिसकर्मीहरूका वासना तृप्तिको सिकार बन्न विवश छे । न कुनै प्रतिक्रिया, न कुनै इच्छा, नराग न द्वेष केही छैन । अज्ञान र संवेदनाहीन लाटीले भोगपरायण पुरुषहरूको यौन सन्तुष्टि दिनुपर्ने विवशता पनि चरम विसङ्गतिबोध हो । कथा मा देखिएकी कथावाचककी पत्नी पनि जीवनमा

विसङ्गति ओगटेर बसेकी छ । कथाकार पारिजातले जीवनभरि पत्नीहरूको प्रतिनिधि पात्रका हरूमा रहेकी 'म' पात्रकी पत्नी पतिद्वारा ठगिएकी छे, ऊ लाटीसरह नै छे । लोग्नेलाई स्वादिष्ट खाना खुवाएर "तिउरीको रङले छापिएका हातहरू देखाउँछे - हेर्नोस अनि दुइटै हत्केला फर्लक्क पल्टाएर देखाउँछे, जुन तिउरीका रङ्गमा छापिएका लोग्नेको निम्ति असफल र अर्थहीन हुनु विसङ्गतिको द्योतक मानिन्छ । यहाँ कथावाचककी पत्नीले आफ्नो कारणबाट नभएर पतिको विरक्त र विकृतियुक्त यौनसम्बन्धका कारण जीवनमा विसङ्गति बोक्दै बाँचेकी छ ।"

तिउरीको फूल, पायरियाको गन्ध कथामा चरम विसङ्गतिबोध हुने सामाग्रीहरू संयोजन गरिएको छ । यसमा यौनविकृति, प्रणयतुष्टि, निराशा, यौनअसन्तुष्टिजस्ता विषाक्त चेतनाले ग्रस्त भएर जीवनको सङ्गतिसूत्र विच्छिन्न भएको चित्रण देखिएकाले कथाको मूल कथ्य विसङ्गतिबोध भएको छ । कथाको 'म' पात्र भन्छ-"मलाई विरक्त लाग्छ सधैंसधैं कसरी कता तह लगाउने यी साँझहरूलाई ? (पारिजात, २०२५: ३५) ।"

**आदिम देश**

आदिम देश कथामा कथाकार पारिजातले रुग्णता र विकृतिको थुप्रो बोकेर विसङ्गत जीवन बाध्यात्मक रूपमा जिउँदै आफ्नो अस्तित्व खोज्दै जाँदा शून्यतामा पुगेको आजको मान्छेको प्रतिनिधि 'म' पात्रलाई  प्रस्तुत गरेकी छन् । कथामा 'म' पात्र र उसकी श्रीमतीको प्रत्यक्ष भूमिका देखिएको छ भने अप्रत्यक्ष हरूमा अरू मानिसहरू आएका छन् । परिस्थिति, अवस्था र आफ्नो क्रियाकलापबाट सर्वाङ्ग नाङ्गो भइसकेको 'म' अझ पनि नाङ्गिने अठोटलाई फेरि समाउँदै ढोङ गर्दछ । ऊ बरबराउँछ- 'एकपल्ट आफ्नो नाङ्गिने अठोटलाई फेरि समाउँदै वाहिर आउँछु, सम्पूर्ण नाङ्गो तर मरेको हुन्न ( पारिजात, २०२५: १)' यी अभिव्यक्तिमा जीवनको निष्प्रयोजनलाई प्रष्ट्याउन खोजेको छ । एउटा मरन्च्याँसे टुहुरो अनि जिउँदै भावनाले चिच्याउने मसानको आभासमात्र बाँकी रहेको आफू भित्र सबथोक संस्कार, ईश्वर र विश्वास मरिसकेको ट्रेजेडीको एक मुस्लो धुवाँ जसलाई कहीँकतै अडान दिने ठाउँ छैन । मानवीय मूल्य नैतिक प्रतीक्षा र विश्वासका सबै पर्खालहरू भत्किएका छन् । कतै सङ्गति नभएकोले 'म' पात्र कथावाचकले नाङ्गिनुको अर्थ दिदै नमिठो विसङ्गतिको चर्को बोधको अनुभव गरेको छ ।

आजको विश्वासहीन मान्छेहरूप्रति पनि 'म' पात्रलाई घृणा छ । मान्छेले मान्छेलाई खरानी पार्ने चलनले आफूलाई पनि बाँकी राख्दैन भन्ने ठहर गर्दै आफूमा पनि त्यही शक्ति भएको हीनताबोध गर्छ । एक ठाउँमा 'म' पात्रले आफ्नी मृत स्वास्नीको प्रसङ्ग ल्याएर भन्न पुग्छ- "मेरी स्वास्नीलाई सुत्केरी ब्यथा लागिसकेपछि आफ्नो गर्भमा रूप र आकार पाइसकेको एउटा अस्तित्वलाई जन्माउन गाह्रो परेको थियो । थाहा छ उसले के भनी ? यस्तरी असिन पसिन भएर म मानिसको अनुहार भएको एउटा जन्तु जन्माउन चाहँदिन हाँसो उठ्दो, मैले अट्टहास गरेको छु उसको विडम्बनाप्रति । तर ट्रेजेडी, ऊ मरी र उसले एउटा मृत जन्तु- मान्छे जस्तो जन्माई (पारिजात, २०२५ : २) ।" मान्छेप्रति नै र अस्तित्वप्रति  नै घृणा बोकेकी पत्नीले मान्छे जन्माउन अस्वीकार गरेकोमा 'म' पात्र समर्थक बनेर ईश्वरको आभास दिन पुग्नुमा ज्यादै तितो विसङ्गतिको अनुभव गर्नु हो । यसरी भीषण मानवद्रोही भएर आफ्नै मौलिक कुराहरूलाई पनि अस्वीकार गरेर उग्रट्रेजेडीमा कुनै उपाय नभएको जीवन ज्यून बाध्य छ । 'म' पात्रका भनाइहरू यस्ता छन्- आह ! म रुख भए ................एकपल्ट यस्तरी ढलिदिन्थे, अकारण र अनायास । एउटा मार्मिक असन्तुष्टिले शरीर चिरेर ल्याउँछ र म यसलाई विरोध गर्न सक्तिनँ । थाहा छ असन्तोषी  हुनुको कुनै पनि अर्थ छैन, के हुन् र हाम्रा असन्तुष्टिहरू ? के जित्छु र म आफ्ना असन्तुष्टिहरूको पसल थापेर ? निरर्थक ..............खालि निरर्थक (पारिजात, २०२५: ३) ।

मान्छे जातिदेखि नै अविश्वास र घृणा पालेर बाँचेकी र मृत मान्छेलाई नै जन्तु भन्ने 'म' पात्रकी पत्नी पनि विसङ्गत  उग्र विसङ्गतिको थुप्रोमा छे । ए असिनपसिन भएर एउटा मानिसको अनुहार भएको जन्माउन चाहँदिन भन्दै सङ्गति नभएको अर्थहीन जीवन भोगेकी छ । विसङ्गतिको थुप्रोभित्र सिर्जनाको निषेध गर्छे । कथावाचक 'म' पात्र विसङ्गतिको थुप्रोभित्र भासिएको छ । यसमा मानव विरोधी चिन्तन, कुण्ठा, निरर्थकता,अविश्वास रुग्णता जसले जीवनको निस्पेधले कहीँ कतै सङ्गति नदेखिएको अवस्थाको चित्रण पाइएको कथाको सबै कथानक नै विसङ्गतिबोध देखिएको छ ।

### सिमेन्टीभित्र एउटा राजवेली

यस कथा मार्फत निरूपाय रोगले थलिएर मुढोझैं ढल्न विवश कथाकार पारिजातले आफ्नो शरीरलाई एकाकार गर्दै मानवेतर पात्रका रूपमा सिमेन्टको खम्बालाई खडा गरेर उसले भोगेको जीवनलाई विसङ्गतिपूर्ण स्थितिलाई साधारणीकरण गरेर प्रस्तुत गरिएको छ । यहाँ जीवन भोगाइ जटिल भएको,

निस्सारता, शून्यता, निरर्थकता, पृथक्ताबोध पछि जीवनको सङ्गति कतै नभएको अभिव्यक्ति पाइन्छ । एक्लो निस्सार ठाउँमा ठडिएको खम्बा 'म' पात्रको जिन्दगी ज्यादै पट्यारलाग्दो भएको र उकुसमुकुस बाँच्नु परेको देखाइएको छ । कथाकारले जीवनको शुष्कता र नीरसतालाई काथाको नायकले भोगेको टिठलाग्दो असमर्थ अनुभवलाई अघि सारेकी छन् । ममा कुनै आवरण छैन, नाङ्गो छु असाध्ये लज्जाहीन नग्नता । बसन्त र पतझड दुइटै मरिसकेको मेरो सिमेन्टीको शरीरमा क्षमता छैन र साथै सामर्थ्य पनि (पारिजात, २०२५ ११) । 'म' पात्रले भोगेको दिनहरू नीरस र शुष्क रहेको चिन्चा र हीराकाजीको प्रणय प्रक्रिया देखेर भुइमा ठडिएको खम्बालाई औडाहा भएको र निहरूाय विरक्तिएको अभिव्यक्तिले जीवनको विसङ्गतिलाई प्रस्ट्याएको पाइन्छ । मानवीकृत सिमेन्टीको खामो आफ्नो जीवनलाई निरीह निस्क्रिय तथा विवश ठान्छ । क्षमता नुहुनु पाप ठान्छ उसको नजिक रहेको राजबेली फूलको ज्याङ र लहरे पीपलको रुखको जति पनि उसको हैसियत हुँदैन उनीहरूले पनि उसका अगाडि फुई देखाएको सम्झेर उनीहरूको आयतनले उसलाई कुण्ठा दिएको अनुभव गर्छ । ‘म’ पात्र व्यक्त गर्छ ‘म’ पृथ्वीमाथि गजधम्म उभिएको छु केही नबोकेर आफूमा केही नविसाएर र सधैं सम्झन्छु कति निरर्थक छु म, कति निष्क्रिय छु म (पारिजात, २०२५ १०) ।' यसरी क्षमता नहुनुको अभिशपमा बाँचेको 'म' पात्र अर्काको सफलतालाई निहरूाय हेरिरहने बाहेक केही गर्न सक्तैन र भन्छ म बलजफ्ती रङ्गिन खोज्छु तर त्यसको कुनै प्रतिक्रिया हुँदैन । कति उचाट लाग्छ यो एक्लास गोरेटो हेर्दा चिनचा पनि कति अबेर गरेर आएकी आज कि आज उसलाई आउनै पर्दैन ? प्रश्न उठ्छ । तर उसको आउनु नआउनुमा मलाई के ? चिनचा मेरो होइन, ऊ हिराकाजीको हुन सक्छ । राजबेलीको झाडको हुन सक्छ, तर मेरो... सझदासंझदै विरक्त लागेर आउँछे (पारिजात, २०२५ ११) ।' चिनचाले आफूलाई हेर्दै नहेरेको मेरो मान्यतानै के छ र केवल अर्थहीन मूल्य नभएर आफूलाई बाँच्नुमा बाध्यता नियति भएको छ । 'म' पात्रले जीवनको सार्थकता र अर्थ नदेखेको हुनाले आफूलाई केवल निर्जीव भएर विरह पोख्छ 'म हेरेर सचेत हुन सक्दिनँ र नहेरेर विस्मृत हुन पनि सक्दिन । हेर्नु नहेर्नु दुइटै मेरा बाध्यता हुन् । मलाई आँखा चिम्लिन मन लाग्छ तर यसको तात्पर्य पनि त छैन (पारिजात, २०२५ १२) । यसरी नागी स्थापना भएको ऑवाकै महत्व नभएको बताउने 'मः पात्र हीनताबोध गर्दै एक्लोपन, निस्सारता र पट्यारलाग्दो क्षणको अनुभूति गर्दै बाँच्नुपर्दाको अवस्था नमिठो विसङ्गति बोध भएको छ ।

**सधै बित्नु पर्ने हामी**

सधै बित्नु पर्ने हामी कथामा 'म' पात्र कथावाचक र पन्ध्रवर्षे किशोरी बेबीको निरर्थक बिनाअर्थको प्रेमको नाङ्गो स्वरूप पाइन्छ । त्यहाँ न कुनै श्लीलताको निर्वाह छ न हार्दिक-आत्मिक छ, जुन प्रेम शारीरिक जैविक मात्र रहेको छ । वर्तमान मान्छे निरर्थक मैथुनक्रियालाई मात्र प्रेम ठान्छन् । कथाको 'म' पात्रलाई त्यो केटी को हो भन्ने समेत थाहा थिएन । उसलाई ऊ कतै छिमेकमा बस्छे भन्ने मात्र थाहा थियो। उसले त्यो केटीलाई पछ्यानु र पाउन नसक्नु दुःखात्मक क्रम भयो । तर 'म' पात्र आफू उमेर पुगे पनि केही नजान्ने बेवी जो भर्खर १५ वर्षेकी मात्र भएकी छे त्यसलाई देखेर कथावाचक आसक्त हुनु, नाही बनाएर शारीरिक भोकको चरम सीमामा लटपटाएर पनि वास्तवमा प्रेम नै गयो रे भनिएको छ । यस्तो अर्थहीन घटनाको प्रस्तुतिले कथा विसङगति परक रहेको पुष्टि हुन्छ । कथाको 'म' पात्र भन्छ- 'हाम्रो परिचयको प्रमाणपत्र मैले असाध्य उसलाई मन पराएको छ र बेदी लगाएको छ । उसलाई पछ्याउनु र पाउन नसक्नु नै त मेरो आजभोलिको दुःखान्त क्रम भइरहेको छ ( पारिजात, २०२५: १४)' ।

'म' पात्र कथावाचक महत्वहीन प्रेममा बेवी रातकी पनि रमाइली दिनकी पनि रमाइली भएर समय बिताइएको पाइन्छ भने केटीको निम्ति पनि प्रेम सीमाहीन हुन्छ । ती महत्वहीन क्षणलाई कुनै तगाराले छेक्दैन । ती दुईने प्रेमरस चाख्ता चाख्ता शरीरलाई झिनो पारे । परिणाम बेबी गर्भवती भई । १५ दिनजति हराउँछे, उसलाई कुनै प्रभाव पर्दैन । फेरि बिनाअर्थको प्रेमीनेर आउँछे । यसरी प्रेमको नग्नता विकृत प्रेमको रूप देखाएर कथाकार पारिजातले प्रेमप्रति नै उपहास गर्नु जीवनको अर्थहीनतामा नमिठो विसङ्गत अनुभूति गरेको पुष्टि हुन्छ । आधुनिक मान्छे माया प्रेमकै अर्थमा उपहास गर्छ । केवल बाँच्नका लागि निरर्थकता बोधबाट आहत बनेको र यसबाट छुटकरा पाउन अनेक ढोङमा बाँच्नुपर्ने विवशतामा अल्झेकी र बेबी अन्जान छे । आधुनिक फेसनमा रमाएकी छे तर त्यसको अर्थ छैन । ऊ अर्थहीन प्रेम अर्थहीन फेसनमा जीवन भोग्ना चाहन्छे जहाँ सङ्गति छैन । 'म' पात्र प्रेमको खोजीमा छ र भन्छ 'यी प्रेम हो क्यार । अवश्य यो प्रेम नै हुनुपर्छ र त्यही प्रेम हो जसको अस्तित्वको नाप जीख मेरा अधिकारहरू कसैले गर्न सकेका छैनन् र पछिकाहरूले ? शायद सक्ने छैनन् (पारिजात, २०२५: १५) ।'

उपर्युक्त अभिव्यक्तिमा जीवनको रित्तोपनमा दुःखान्तक क्रमहरूलाई पन्छ्याउन निरर्थक प्रेमलाई प्रयोग गरिएको छ जसमा बेबी अनभिज्ञ छे । उसले त्यसलाई जीवन ठानेकी छे भने 'म' पात्रचाहिँ एउटी केही नजान्ने आधुनिक मोडेलमा हुर्केकी केटीलाई प्रयोग गरेर निर्थकतामा जीवन अल्झाएर भोग्न बाध्य भएको छ । पीडालाई लत्याएर प्रेमको विकृत रूप प्रदर्शन गरेर भोग्ने जीवनमा विसङ्गति बोध भएको छ ।

**एक उडानमा**

एक उडान कथामा जीवनको अर्थहीन र विसङगत पक्ष भेटिन्छ । कथाको पात्र शोफिया विसङ्गतिको थुप्रोभित्र रहेको देखिन्छ । कथा शोफियाको केन्द्रीयतामा अगाडि बढेको छ । एयर होस्टेस पेसामा लागेकी शोफिया वायुयानको उडान र उडानसकेपछि पाँचतारे होटेलको रमझम र यौनक्रीडामा जीवनको आनन्द र अर्थ देख्ने भोगपरायणा देखिन्छे । उसले जुन प्रकारको विकृत जीवनयापन गर्नुपर्‍यो त्यो पारिवारिक कारणले विस्थापित भएर गर्नुपरेको थियो । शोफियाले सानैदेखि मातृस्नेह र पितृस्नेहबाट वञ्चित भएर दाजुको लात र मुक्काको पीडाले असहय भई बरालिएर कुलतमा फस्न विवश भएकोमा चरम विसङ्गतिको बोध भएको स्थिति मानिन्छ ।

विगत जीवन कठोर नियन्त्रण र प्रताडनामा बिताएकी शोफिया प्रत्येक उडानमा भीआइपीहरूसँग परिचय गर्दै होटेलहरूमा रात बिताउने बानी परेको छ । तर आजको उडानको भीआइपीलाई देख्दा उसलाई पुरानो अतीतले पोल्छ । ए झस्किन्छे, त्यो ठूलो टाउको भएको भीआईपी देख्दा र उसको व्यवहारमा यसरी प्रस्तुत हुन्छे- 'यस्तो ठूलो टाउको भएको एक मेरो बाबु पनि थियो, एक मेरो दाजु पनि छ । उ सम्झन्छे म पनि त बञ्चित भएकी थिएँ एउटा झल्कने कागजमा लपेटिएको देशी चकलेटदेखि, मन परेको एउटा कालो फ्रकदेखि पनि । कान्छी स्वास्नीको लपेटमा परेको बाबुको मायादेखि पनि त म वञ्चित भएकी थिएँ । प्रत्येक सुखदेखि त म वञ्चित थिएँ मानो यसरी वञ्चित दाजु नै मेरो बाल्यावस्थाको प्राप्तिले मेरा प्रत्येक कलिला र फुका भावनाहरूको कसरी हत्या गरिदिएका छन् । मेरो दाज्यूले अन्त मेरो दाज्यू यस्तै ठूलो टाउको भएको छ, तर ए कलाकार, चित्रकार र कवि म के बुज्नु उसलाई ? (पारिजात, २०२५ : २७) । जे गर्दा पनि सुखधर नपाएकी शोफिया दाज्युको पिटाइ जुत्ताको डाम अविश्वासको सिकार भैरहनुपरेको मात्र तमई अझ पीडादायी प्रस्तुति यसरी गरेकी छन् 'मलाई कस्तरी हिर्काएको छ मेरो दाज्यूले ।

अनुहारमा आङमा जतातातै कति झटाराहरू मेरो आङमा चोइटिएका छन् कति जुत्तामा डामहरू छाला काडे पनि नमेटिने गरी मेरो शरीरमा टाँसिएका छन् (पारिजात, २०२५ : २७) ।'

उपर्युक्त अभिव्यक्तिबाट शोफियाले स्नेह दिनुपर्ने दाजुबाट पीडा प्रताडना दिएकाले सङ्गतिहीन जीवन भोग्नु र सत्यमाथि सती जन लाग्नु स्नेह, मायालाई निकृष्ट र निर्थक ठानेर विसङ्गतिको यात्रा ठानेकी छे । उसले पारिवारिक प्रताडनाले कुलतमा फस्दै गई चुरोट खान थाली । ठिटाहरूसँग भागेर सिनेमा हेर्न थाली । यस्तो प्रसङ्गको उल्लेख गर्दै ऊ निस्सासिएको जीवन छाडेर अर्थहीन जीवन भाग्न विवश भएकी छ । शोफियाका भनाइ अब त यसरी नै मलाई सौखको लत बसेको छ, म अभ्यस्त भइसकेको छु (पारिजात, २०२५ : २७) ।' यसरी दाजुको प्रताडना र हेलाबाट मर्माहत भएकी शोफिया जस्तो चरित्रमा विकसित हुनुपथ्यो तर त्यो हुन सकिन । त्यसका विपरीत घटिया स्वाँट र पातरका रूपमा विकसित भई । फलस्वरूप ऊ प्रत्येक दिन प्रत्येक उडानपछिको विधाममा कलकत्ता र डिल्लीका होटलहरूमा मादक सेवन, शाही भोजन, सुरापान, चुरोट अनेक थरीका रतिलिप्साका अङ्गालामा आफ्नो जीवनलाई डरलाग्दो नदीमा हेलिन दिई । विमानचालक होस् वा भीआइपी उसलाई भोग्न थाले । एकदिनको यात्रामा कस्तो सम्म भयो भने कहिल्यै सन्तुष्ट नहुने विमान चालकले शोफियालाई आफ्नो कोठामा बोलाएर धोक्नसम्म रक्सी धोकेर उसलाई पनि धोक्न लगाएर शोफियासँग खेल्नसम्म खेलेर उसको शरीररमा जहातहीँ आक्रमण गरेर एक घण्टापछि घोक्र्याएर आफ्नो क्याविनको ढोकाबाट बाहिर निकालिदियो । मानौं ऊ चुरोटको ठूटो हो वा रक्सीको रित्तो गिलास हो। विवश शोफिया भैमा बजारिन पुग्छे । शोफियाका भनाइहरू यस्ता रहेका छन् 'पापीले एक घण्टापछि मलाई कस्तरी घोक्र्याएर क्याबिनको ढोकाबाट बाहिर निकालिदियो मानो म उसको चुरोटको सिद्धिसकेको बट्टा, मानो म उसले रक्सीको झोक्मा फालेका रित्तो गिलास । विचरी म कसरी पछारिएँ सिमेन्टीमा । किन जोसुकै मलाई कुटेपछि मात्र शान्त हुन्छन् (पारिजात, २०२५ : २९) । यी भनाइमा शोफियाले जीवनको असफलताको महसुस गरेपछि पीर, चिन्ता र वेदनालाई खपेर बाँच्नुपरेको नमिठो अनुभूति गरेकी छ । साँच्चै लगातार तिरस्कारको नाउँ हो शोफिया ऊ मायामा गाँसिन्छे चुडिन्छे । अर्थहीन जीवन बिताउन बाध्य रहेकी शोफिया जिउँदो लास भएर बाँच्नुको सार्थकता छैन भन्ने कुरा जान्द जान्दै पनि बाँच्नुलाई स्वीकार गर्न बाध्य रहेकी छ । आफ्नो नियतिलाई सम्झेर यस्तै हो यो जीवन, यस्तै उडान । उडानपछिको विश्रामगृहको शोफाबाट ऊ

बिस्तारै उठ्छे । उसको आँखाअगि बियरको बोतल र रिजेन्ट चुरोट नाच्न थाल्छ अनि ऊ आफैलाई हलुको र स्वस्थ अनुभव गर्छ (पारिजात, २०२५ : ३०) ।

**सोफिजम मेरो लोग्नेसँग कुराकानी**

यस कथामा विवाहलाई सोफिजम र लोग्नेलाई सोफिस्ट बताउने 'म' पात्रमा जीवनको साहीन र विसङ्गत पक्ष रहेको भेटिन्छ । लोग्ने सोफिस्ट यसकारणले हो कि उसले बिहे गरेपछि महिलाको अस्तित्व नै खज्मज्याइदिन्छ, पत्नीको धारणालाई आफ्नो तर्क बलले हराइदिन्छ र स्वास्नीमाथि हावि हुन्छ । 'म' पात्र आफ्नो विवाहलाई नै बिर्सेको बाहना गरी लोग्नेलाई चिन्न अस्वीकार गर्नु विसङ्गति हो । यस कथाकी पात्र आफूलाई तर्कले हराउने व्यक्तिलाई सोफिस्ट भन्छे भन्ने अर्काका कुरालाई शङ्का गरेर अविश्वास गर्नु सोफिज्म ठान्छे । ऊ प्रोटोगोरासले भनेझैं मानिसलाई केबल मानिस देखिने मानिसभन्दा बढी केही देख्तिन । ऊ आफूलाई प्रतीयमान र सत्य देखिने वस्तुलाई इदमित्थम् मान्दछे । त्यही मात्र नभै "मानिसको सिमा खाली मानिस मात्र हो, यसभन्दा अर्को सीमामा पुगेर मानिस विजय हुन सकेको छैन  भनेर 'म' पात्र प्रोटोगोरासका विचारको समर्थन गर्छ । ऊ बिहेलाई पनि सोफिजमको एउटा सडक हो भन्छे । 'म' पात्र विहे गरेको लोग्नेलाई बिर्सिएको भन्दै यस्तो अभिव्यक्ति दिन्छे "याद छैन सत्ते मैले बिर्सिसकें । बिहे गरेको कुरा त नबिर्सिनुपर्ने (पारिजात, २०२५ : ३९) ।"

उपर्युक्त अभिव्यक्तिमा 'म' पात्रले बिहे गरेको लोग्नेलाई बिर्सेको भन्नु चर्को विसङ्गति बोध गर्नु हो । सँगै बाँच्ने सँगै मर्ने बाचामा बाँधिएका पति-पत्नीको नातामा धमिरा लागेर लोग्ने भनाउँदा व्यक्तिले उसको धारणा खज्मज्याइदिएको र आत्मविश्वास डगमगाइदिएकाले त्यसलाई सोफिस्ट भन्दै पृथक्ता बोध गरेर शून्यबोधी हुन्छे र भन्छे-'निःसन्देह हो, केही नहुनु नै जीवनको अर्थ हो । अर्थ नहुनु नै विशेष अर्थ हो । मैले त तपाईको अर्थलाई आफ्ना सारा अनुभूतिहरू सत्यहरू र विश्वासहरूलाई एउटा सफिज्मको परिधिभित्र थुनिसकेकी छु र म खुलस्त भन्छु यही हो मेरो अर्थ ( पारिजात, २०२५ : ४१) ।' कति निकृष्ट भएर अगाडि बढेकी 'म' पात्र फेरि तिम्रो लोग्ने हुँ भनेर भेट्न आएको लोग्नेलाई चिन्न अस्वीकार गर्छ र भन्न पुगछे 'यतिका बाचेर यो जीवनलाई, यतिका लुटेर के यही तथ्य दिन्छ्यौ ? मलाई एउटा रिङ्गटाले घेर्छ, लाग्छ अर्को सेफिज्मले क्रमशः मलाई आपूर्ति र तान्न लागेको छ (पारिजात, २०२५ : ४१) ।' बिहे त एउटा आदर्शको पक्ष हो ।

लोग्नेस्वास्नीमा राम्री सन्तुलन हुनुपर्छ । दुःखसुखमा मिल्नुपर्छ भन्दै ‘म’ पात्र आफ्नो स्थितिलाई विकृति र विकार आउनु जीवनको निराशा र निरर्थकताले बाँच्न बाध्य भएकोम प्रसङ्ग प्रस्तुतिले विसङ्गति बोध स्थितिलाई बुझाउँछ ।

‘म’ पात्रको पतिले पनि जीवनमा विसङ्गति बोध गरेर बाँचेको छ । पत्नीले चिन्नलाई अस्वीकार गरेपछि ऊ यसरी प्रस्तुत हुन्छ ‘यस्तो कतै हुँदैन, तिमीमा स्वास्नी मान्छेपन हराउँदै छ । म तिम्रो एउटै लोग्ने एकैपल्ट बिहे गरेको । तिमी आफ्नो यथार्थलाई यसरी नलात्याए (पारिजात, २०२५ ४०)’ भन्ने अभिव्यक्तिमा सोफिस्टले विरक्तिएर निरर्थक जीवन भोग्न बाध्य भएको ‘म’ पात्रको पतिले विसङ्गति बोध गरेको छ । यस सन्दर्भमा राजेन्द्र सुवेदी भन्छन ‘मान्छेमा दाम्पत्य जीवनप्रतीको मनोधारणालाई समेत पुष्टि गरेको छ (सुवेदी, २०५३ ५९) ।’ कथामा आजको मान्छे जो लोग्ने स्वास्नीको सम्बन्धमा पनि अविश्वास गरेर बाँचेको छ, जसले अस्तित्वको रक्षा गरिदिनुपर्ने हो । उसैलाई ’म’ पात्र पत्नीले अस्तित्व हरण गरिदिने नाता सम्झेर चिन्न पनि अस्वीकार गरेकोमा ’म’ पात्रको पतिले विसङ्गतिको चरम बोध गर्नु नै कथाको उपलब्धि मानिन्छ ।

**निर्माणको मोडेल समयभित्र**

‘निर्माणको मोडेल समयभित्र’ कथा मजदुरहरूलाई केन्द्र मानेर उनीहरूले भोगेको कटु यथार्थलाई कथावाचक ‘म’ पात्रका माध्यमबाट ठेकेदारले गरेको शोषण महिलाप्रति हुने व्यवहारको अभिव्यक्ति दिन सफल भएको छ । यहाँका पात्रहरूले भोगेको जीवन अर्थहीन र नीरस रहेको छ । आर्थिक विपन्नताले घेरिएको मान्छेको करुण कथा एकातिर रहेको छ भने महिला हुनुको कमजोरीको फाइदा उठाउने नाइके ठेकेदारको व्यवहार, नाइके भागको कमिसन दिनुपर्ने स्थिति दुःखद देखिन्छ । कथाको कथावाचक रोलर ड्राइवरै हो । मानिसले समयको बाध्यतालाई कसरी भोग्नुपर्छ र भरणपोषणका समस्याले विवश भएर नीरस संसारमा निरर्थक निर्माणको काममा लाग्नुपरेको छ भन्ने विवशता उल्लेख गरिएको छ । इतिहासका मोडमा केही गर्न नसक्ने ’म’ पात्र केवल पीडा वयान यसरी गर्छ - ‘उसले एउटीको चुरा फुटाइदिएको छ । नाइके सधैं हात हालेर स्वास्नी मान्छेलाई कुट्छ या केही गर्छ र लोग्ने मान्छेहरूलाई......अनावश्यक फोहोर गाली गर्छ । ........ मलाई लाग्छ जमातका जमात यस्ता नाइकेहरूलाई तातो सडकमाथि विछ्याएर पेल्नुपर्छ, रोलर चलाउनुपर्छ अनि पो मोडिन्छ इतिहास (पारिजात, २०२५: ४६) ।’ ’म’ पात्रलाई यस्तो लाग्छ मात्रै गर्न केही सक्दैन

निरर्थक अर्थहीन सोचाइमा छटपटी, कुण्ठा, चिन्ता जीवनको विसङ्गति निरीहता छर्लङ्ग भएर आएका छन् ।

'कथा'को मूलपात्र रहेको कथावाचक 'म' पात्र श्रमिक वर्गको दयनीयतादेखि पिरोलिन्छ । उसका विचारमा "पटासी र चौबन्दी चोलामा बेह्रिएकी ज्यामिनी बेसमयमै चाउरिन लागेको हुनाले ऊ एउटा 'रूप' वा विडम्बनामा रहेकी छ । ज्यामिनी पनि रोलर चालकझैँ आर्थिक अभावको विवशताले यी सब भोग्न बाध्य छे । प्राविधिक शासकहरूका आदेशमा बाँच्न विवश श्रमिकहरूको जीवन चर्चा भएका पात्रहरू दिनभर पसिना बगाएर कमाएको एक प्लेट च्युरा र लट्टेको सागको स्वादसँग जिन्दगी भोग्न विवश रहेकाले विसङ्गतिको बोध गरेको पुष्टि हुन्छ । मूलभूत रूपमा अर्थिक अभाव, राजनीतिक, प्राशासनिक र त्यसका भरौटे नाइकेहरूले गरेको शोषणले चर्को विसङ्गति बोध गरेको पाइन्छ । रोलर चालक साँझ पर्न आँटेको समयमा पनि रोलर चलाइरहेको छ कालो पत्रे पिचमाथि ऊ रोलर चलाउँदै अन्तरमनमा बरबराउँछ । ती दासहरूले बनाएका इतिहासहरू उसको दृश्यहरूमा आउँछन् - पिरामिड, चीनको पर्खाल, बेबीलोन रोम, ताजमहल, न्यूयोर्क अनि घाममा पस्रिएको एउटा पीचको सडक, म र मेरो रोलर (पारिजात, २०२५: ४६) । कथामा विसङ्गतिबोध गर्न सकिने यथेष्ट सामग्री प्रस्तुत भएअनुसार कथाकार पारिजतले कथामा निम्न वर्गीय पात्रहरूको जीवन जसरी चलेको छ, निर्माणको मोडेल समयभित्रको प्रस्तुति पनि त्यही रूपमा भएको बताइएको छ । ज्यामीहरूले भोग्नुपरेको शोषण, नाइकेले लिने नाइके भागजस्ता समस्याले विसङ्गतिबोध गरेको तथ्य प्रस्ट भएको छ ।

**साइनो ग्यानीटको टुक्रासँग**

यस कथामा जीवनको सारहीन विसङ्गति बोध हुने पक्षहरू छरिएको भेटिन्छ । कथामा बूढी विधवा सबैतिरबाट ठगिएकी जर्जर भएर काल पर्खन ग्यानिटको टुक्रासँग साइनो गाँस्न आइपुगेकी छ जुन पशुपतिको मन्दिरमा रहेकी छे । लोग्ने, छोरा-छोरी र समाजबाटै प्रताडित अशक्त अब अनिच्छित मृत्युको प्रतीक्षामा छे । राजेन्द्र सुवेदीका अनुसार 'आज जीवन एउटा विष्फोटनका लागि तयार ग्रिनेटको टुक्रासँग नाता जोडेर बाँच्न वाध्य तत्व बनेको छ (सुवेदी, २०५३: ६०) ।' बागमतीको किनारमा बसेर आफूभित्र बितेर गएको एउटा मान्छेको खुलस्त सम्झना अगाडि बढेको छ । कथामा उसका अतीत चिसोसँग बढेको छ । उमेरमा प्रेमीले उसको परित्याग गर्यो । उसको प्रेमीले ऊमाथि

खेलाची गऱ्यो । त्यसलाई गरेको माया यो बुढेसकालमा पनि साँचेर राखेकी छे । त्यो प्रमी भनाउँदाले ऊसँग पैसा धुतेर त्यही पैसाले बाहिर अरू केटी खेलाएर हिँड्यो । त्यो प्रेमीले त्यागेपछि उसले बिहे गरी तर लोग्ने पनि कामुक र परपीडक पऱ्यो । त्यो पतिबाट उसले दुई छोराछोरी पाई । ती सन्तान पनि मरे । छोरो पनि दुष्ट थियो त्यसले पनि दिनसम्म दुःख दियो आमाको सबै पैसा थुतेर टकटक्याउनसम्म टकटक्याएको थियो । त्यस्तो भए तापनि असमयमा मऱ्यो । आमाले कहिल्यै निको नहुने घाउ बोकी । छोरी पनि आमाको इच्छाविरुद्ध कलिलै उमेरमा पोइल गई । त्यसलाई टिबी लाग्यो । सोह्र बर्षकै उमेरमा सुत्केरी चिन्ताले मरी । ऊ यसरी प्रस्तुत हुन्छे- 'मेरो मुटुको एक हिस्सा, फोक्सोको एक हिस्सा र शरीरको आधा पाँखा छोराको मृत्युको घाउले पोलेको छ भने अर्को पाखा १ छोरीको कुवेलाको मृत्युले पिल्सिएको छ (पारिजात, २०२५ : ५१) ।'

'कथा' मा वर्तमान जीवनको विस्फोटन लिएर चुरोटको धुवाँ खोकेर सङ्घर्षमा बाँच्ने जीवन मृत्युका दोसाँधमा ग्रेनाइटको टुक्रासँग सम्झौता गरेर बाँच्न विवश रहेको छ । राति ऊ न सुत्न सक्छे न जागा नै बस्न सक्छे । दुवै उसका निम्ति आयु खेप्नेखाने बाध्यता हुन् । अर्थहीन मृतजस्तै मूल्यहीन जीवन भोगिरहेकी छे । मानौं सानो ग्रेनाइटको टुक्रो उसको नजिक छ र त्यो कुन बेला पड्कने हो, एक प्रकारले मृत्यु र जीवनको साइनो बसिसकेको छ । बाँचेको जीवन भोगेको नियति कहींकतै सङ्गति नभएको कुण्ठा, निराशा र निरर्थकताले मन्दिरको कुनामा बाँच्न बाध्य भएको एक्लोपनको प्रस्तुतिले विसङ्गतिपूर्ण स्थिति देखाउँछ । निराशा, शून्यता, दुःख, पीडा, व्यकुलता उसको जीवनको पेवा थियो । मृत्युपीडा पाखैरहेकी असक्ता 'म' पात्रको रूपमा खडा गराएर कथाकार पारिजातले यसरी अभिव्यक्ति दिएकी छन् – 'जुनसुकै रङ्ग मैले मेरो अनुहारभरि पोतेर बसेकी छु, लाग्छ त्यो मेरै निम्ति पोतिएको रंग हो, किन हिच्चकिच्याउने ? भलै ममा जीवनका परिभाषाहरू लागू हुन सक्दैनन् र ममा ती सत्यहरू ब्यूँझन सक्दैनन् तर ममा जीवनको नियमितता बितेको होइन र ? (पारिजात, २०२५ ५१) ।' अर्थहीन जीवन भोगाइको पासोभित्र परेको जीवन असत्य, न्यास्रोपन, निस्सारता आदिबाट जीवित रहेर पनि जिउँदो लास भएर कष्टकर जीवन जिउन बाध्य रहेको देखाइएको छ ।

**अनिदो र शून्यता**

पारिजातको कथा 'अनिदो र शून्यता' मूल पात्र माधुका केन्द्रीयतामा अगाडि बढेको छ । मृत्युलाई अन्तिम सत्य बताइएको यस कथामा स्वस्थ शरीर भएकी हँसिली र बैसालु माधु एकरात किन हो विनाकारण निदाउन सकिनछ । आँखासमेत नबटारी त्यो रात छर्लङ्ग काटी । राति दस बजेदेखि बिहानसम्म मस्त सुत्ने माधुले एकरातको अनिद्राले अतालिनुपर्ने कारण थिएन तर ऊ अधैर्यताले व्याकुल हुन थाली जसले गर्दा अनिद्राको रोगी भई । यसरी एकोहोरो कथ्यको सैद्धान्तिक अभिव्यक्तिका रूपमा रहेको प्रस्तुत कथाले विसङ्गतिपरक चिन्तन मान्यतालाई माधुको अनिदोपनको पृष्ठभूमिमा राखेर तनावग्रस्तताको पुष्टि गरेको छ । माघुमा अनिदोको रोग लाग्यो । जति उपचार गर्दा पनि निको भएन असाध्य नियास्रो र दिक्क मानेर डराउँदै छटपटीमा कार्तिकका लामा रातहरू उसले बिताई । पन्ध्र रातसम्मको लगातार अनिदोले अर्कै रूप लियो । डर र त्रासले बँगारेको शरीरमा आराम गर्न नपाएका नसाहरूले शिथिलता देखाउन थाले । एक पक्ष पश्चात् माधुको दसा नै विचित्र भएर आयो । विवश भएर राति रुन्ची, अरूलाई पनि रुवाउँथी, डराउँथी र आफैले आफ्नो हृदयगतिलाई पनि अनियमित बनाई। मलाई अनिदो रोग लाग्यो भनेर अशान्त र कम्जोर हुन थाली । यही बीचमा एक प्रवासी कलाकारले एकादिन एउटा नग्नचित्रका निम्ति माधुलाई प्रतिमा बनाउने प्रस्तावले जङ्गिदा ऊ अनिदो रोगभन्दा झन् भयावह उन्माद रोगले पो ग्रस्त भई । माधुबारे उसको उपेक्षित भनाइ छ- "तपाईको शरीरलाई न्यूउड् चित्र कलामा भर्न मन लागेको छ, मौका दिनु हुन्छ ? (पारिजात, २०२५ : ५६) ।" जुन प्रस्ताव सुनेपछि घृणाले नसानसा खुम्चियो । यसै सन्दर्भमा तराकान्त पाण्डे भन्छन्- "सुयोगवीरको प्रवेशले बरीको अहम् आहत भएझैं यहाँ माधुको जीवनमा कलाकार चन्द्रकान्तको सम्पर्क र माधुबारे उसको उपेक्षित टिप्पणी : "उसको अस्तित्व भनेको नग्न मूर्तिमा उत्रिने मात्र हो" सुने पश्चात् उसको पनि अहं आहत भयो र तदुपरान्त ऊ थला परी ननिदाउने भई र अन्ततः आत्महत्या गरी मृत्यु अँगाली (पाण्डे, २०५१: ८७)।" जीवनलाई असङ्गति र यथार्थबाट भागेर रुग्ण दृष्टि र अर्थहीन ढङ्गबाट बुझ्न थालेपछि त्यसको परिणाम दुःखद हुन्छ । त्यति बेला जीवन नचाहेर मृत्यु अँगाल्न पुग्छन् त्यही माधुले गरी । राजेन्द्र सुवेदी भन्छन्- 'मानसिक शान्तिको अभावमा मृत्यु सम्मुख पुग्ने आजको जीवनलाई आश्वासन दिइन्छ- 'तपाईले चिन्ता गर्नु हुँदैन' बारेको चिन्ता गर्न र 'मैले आराम गर्नुपर्छ बारेको चिन्तामा जल्न । यस किसिमका

विसङ्गमतिलाई प्रस्तुत कथाले उद्घाटन गरेको छ (सुवेदी, २०५३ ६०) ।' कलाकार चन्द्रकान्तले राखेको नग्न चित्रको प्रस्तावबाट आहत भएर आत्महत्या गर्न पुग्नु जीवन विरोधी चेतना मानिन्छ ।

'अनिदो र शून्यता' कथा विसङ्गति बोध हुने तन्तुहरूको संयोजन गरिएको छ । यसमा अपमान, शून्यता, त्रास, घृणा, मानव विरोधी विषाक्त चेतनाले भरिएर माधुले जीवन जे होइन त्यो बुझ्‍यो र जे हो त्यो बुझिन । यही बुझाइको गल्ती नै विसङ्गति बोधको पराकाष्ठा मानिन्छ ।

**अप्ठ्यारो र अभ्यस्त मान्छे**

कथामा रतिलिप्सामा अड्केको 'म' पात्र अथक उन्मादी आक्रोश हो भन्ने प्रस्टै बुझिन्छ । ऊ विकृत यौन लिप्सामा भट्केको ऊ घनघोर पानी परिरहेको बेलामा पनि चमेली नामक महिलाको छाप्रामा पुगेर त्यसको ढोकाको आग्लो लगाउने प्वालबाट च्याएर आएको सूचना दिन पुग्छ । एक सुरले घर धन्दा गरिरहेकी चमेलीले आफूतिर ध्यान नदिएकोमा रनाह छुटेर उसको ध्यान आफूतिर तान्ने कुनै उपाय नदेखि त्यहाँ झ्याल नहुनु बढी अप्ठ्यारो भयो । चमेलीको आमा ढिला निदाउने हुनाले ढोका ढक्ढकाउदा तिनले थाहा पाउने हुँदा 'म' पात्र कथकलाई झन् आपद पर्‍यो । चमेलीसँग सहवास गर्न नपाएको झोकमा झोक्किएको 'म' पात्र जुन अभिलाशा लिएर आएको थियो त्यति नै विरक्ति लिएर सहरतिर लाग्यो र सहरमा आधुनिक पसलमा पस्यो । आर्थिक अभावमा जकडिएको ऊसँग दसपैसे ढ्याक मात्र हुन्छ । उसले एककप चिया मागेको सुनेर त्यहाँको परिचारक ठिटो हाँस्छ र जान्छ । त्यहाँ चिया खाइरहेका अरू ग्राहकले यो कस्तो अप्ठ्यारो मान्छे भन्दछन् । अनि ऊ आफूलाई गिज्याइरहेको ठान्छ र निरर्थक महसुस गर्छ । चिया खाएर "एउटा अशक्त रमाइलोले जर्वजस्ती लखेटिएर चमेलीको छाप्रातिर लाग्छ । अब कथाको 'म' पात्रलाई प्रत्येक अजिलोपनलाई स्वीकार गर्न छाडी बाँकी कोही काम उसबाट हुँदैन । ए "न्युरोसिसको युगमा" आफूलाई एउटा असमर्थ न्युरोटिक ठान्छ र खटप्वालबाट चियाएर हेर्दा चमेलीलाई आफ्नै पर्खाइमा चियाइ रहेकी देख्छ । उसका आँखा आव्हानहीन मात्र होइन प्वालनिरै पसारेर बसेकी छे । अनि ढोकाको आग्लो फुस्कन्छ । 'म' पात्र कथावाचक घस्रिएर सुकुलमा पसारिन पुग्छ । टुकी निभ्छ अनि अँध्यारोमा उसको हात चमेलीका जीउका भागहरूमा छामछुम गर्न पुग्छ । टुकी निभ्छ, अँध्यारोमा म यसो छाम्छु छोटो घाँटी र एक लस्कर मोतीको माला..... अनि ब्रेसियर मात्र लगाएकी चमेली । लामखुट्टेहरूको झवाई..... आवाज चर्किंदै जान्छ, मलाई झन अप्ठ्यारो हुन्छ, तर म न्युरोटीक भइसकेको छु । न्युरोसीस लागेको

अभ्यस्त मान्छे (पारिजात, २०२५: ६३) ।

'कथा' मा समाजको विकृतिका साथै मनोविकारको पीरमा पिल्सिएको कथावाचक 'म' मान्छेलाई केन्द्रमा राखेर प्रस्तुति गरिएको छ । यसमा मान्छेको मानसिकता र मानसिक संरचना, साँस्कृतिक र प्राकृतिकलाई अनुकूल बनाएर 'म' पात्रको यौन रोगको र यौनोन्मादगत अभिव्यक्ति सङ्गतिहीन छ । चमेलीसित सहवास गर्ने ध्याउनमा भौतारिएको कथावाचक आफ्नो इच्छा पूरा हुने छाँट नदेख्दा ऊ झन्किएर व्यवस्थालाई समेत सराप्छ जताततै भौतारिन्छ सिङ्गौ सहर घुम्छ । नयाँ फेसनको दोवार्नै नमिल्ने पाइट हिलाम्मे भएर भिज्छ । फेसनको पाइट लाउनुपर्दा सस्तो संस्कारमा पोल्दै हिड्नुपर्छ भनेर आजका हामीहरू कति अप्ठ्यारोमा छौ र अप्ठ्यारा हामीसँग पालिदै जाँदैछ भनेर हीनता बोध गर्दै अभिव्यक्ति दिन पुग्छ- 'मलाई बाँच्न मन लागिरहेको छैन र मर्न पनि अँध्यारो छ, तर अभ्यस्तताले हिडाउँछ (पारिजात, २०२५: ६०) ।'

**निष्कर्ष**

यस अध्ययनमा पारिजातका कथामा विसङ्गतिवाद खुट्टयाउन प्रयोग गरिएका दसवटा मानक सिद्धान्त मध्ये विसङ्गतिलाई मात्र आधार मानेर कथाको विश्लेषण गरेको छ । कथाको क्षेत्रमा पारिजातको आगमन २०२१ देखि २०२८/३२ सम्मको पूर्वाह चरणमा प्रकाशित कथाहरूको विश्लेषण गर्ने क्रममा विसङ्गति मात्र मूल कथ्य रहेको छ । कथाको मूल बिषयवस्तु कथाका पात्रहरूको जीवनदर्शन, कृतिभित्र उनीहरूको भूमिका र उनीहरूको स्थान तथा सामाजिक सांस्कृतिक  पथ आर्थिक अभावभित्रको जीवन भोगाई र सङ्कीर्णता, अनेक दाउपेचबाट प्रताडित हुनु पर्दाको समयबाट मान्छेको आन्तरिकतामा परेको नकारात्मक असर तथा त्यसबाट उब्जेको भय र त्रासले मान्छेको जीवन विसङ्गति पूर्ण रहेको तथ्य पुष्टि भएको पाइन्छ । समाजमा व्याप्त विकृति, युगजीवनले भोगेका र भोग्नु परेका  विसङ्गतिको प्रस्तुती भएको छ । युग जीवनको विसङ्गतिलाई अभिब्यक्तित गर्ने उपकरणबाट मान्छेको चिन्ता व्याकुलता र वेदनाहरूको प्रस्तुती भएको छ । मानिसका बीभत्सताका अभिव्यक्तित बनेर आएका विविध पक्ष र प्रसङ्गले जीवनको विद्रुपता , क्षतविक्षत मग्नमन, विस्थापित अवस्था, मानसिक द्वन्द्व सङ्घर्ष, हिँसात्मक संहारका प्रवृत्तिप्रति तीब्र असन्तोष , बिरोध सन्त्रस्त परिवेश र विसङ्गति प्रति निपुण व्यङ्ग्य रहेको देखिनु विसङ्गति परक कथाका निजी विशेषता रहेका छन् । जीवनलाई विरूप र विसङ्गत ढङ्गले हेरिनु, युग परिवेशले

घाइते बनाएर मानसिक र शारीरिक रूपमा खण्डखण्ड भएको स्थिति, समकालीन समाजिक , आर्थिक , राजनीतिक विकृति र विसङ्गतिले सृजना गरेको विकृत परिवेशलाई अभिव्यञ्जित गर्ने सन्दर्भमा विसङ्गतिको यथार्थ चित्र खिचिएको छ । कथाका पृष्ठभूमिमा आएका विरह, वेदना र निरीह महिलाहरूको पीडादायी भोगाइ तथा मानवीय संवेदना मूल्य मान्यताको अपहरण जस्ता प्रवृत्तिप्रतिको घोर विरोध तथा व्यङ्ग्य विवेच्यक थाहरूभित्रको मूलभूत पक्ष नै विश्लेषणमा रहेका छन् ।

**सन्दर्भ सामग्री**


अनास्व, मिष्टर (१९७७), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* मस्को : प्रगति प्रकाशन ।

अर्याल, मुरारी (२०५१), *पश्चात्य साहित्यका प्रमुखवाद,* ललितपुर : साझा प्रकाशन ।

आचार्य, शाशिनाथ (२०६७), *"पारिजातको नाट्यकारिता"* भानु २६/१३०, पृ ७१–७६

उपाध्याय, केशवप्रसाद (२०४९ं, *"पारिजातलाई पारिजात"* जनमत ९/७–९, पृ १८–२२

उप्रेती, डिल्लीराम (२०५५), *अबलेर कामु लर स्ट्रेन्जर,* काठमाडौँ : भगवती उप्रेती ।

कार्की, अम्बु भवानी (२०५२), *"पारिजातको कथाकारिता अध्ययन"* अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संङकाय, नेपाली केन्दीय विभाग, कीर्तिपुर, काठमाण्डौ ।

कार्की, अम्बु भवानी (२०७०) *"पारिजातका आख्यानमा विसङ्गतिवाद"* अप्रकाशित विद्यावारिधि शोधपत्र, नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी दाङ ।

गुप्ता, लालचन्द (सन् १९७५), *अस्तित्वबाद और नयी कहानी,* दिल्ली : शोधप्रवन्ध प्रकाशन ।

घिमिरे,कृष्णप्रसाद र ज्ञवाली, रामप्रसाद (२०६४), *आख्यानकार पारिजात* (द्वि संष्क), काठमाडौँ : हजुरको पुस्तक पसल ।

चामलिङ, पवन किरण (२०५४), *पारिजातका सङ्कलन रचनाहरू १-६,* सिक्किम : निर्माण प्रकाशन ।

नेपाल, कुमार बाहदुर (२०५४), *पाश्चत्य साहित्यका प्रमुखबाट (द्वि.संस्क),* ललितपुर : साझा प्रकाशन ।

पाण्डे, ताराकान्त (२०५१), *पारिजात कथाकारिता : मूल्यनिहरूणको प्रयास,* काठमाडौँ : पारिजात

स्मृति केन्द्र ।

पारिजात (२०२२), *आदिम देश,* विराटनगर : पुस्तक संसार ।

राई, इन्द्रबहादुर (२०२९), *विसङ्गति त्यसपछि शून्य सकम्बरीको मृत्यु,* मधुर्पक पृ ४-८

लमिछाने, यादव प्रकाश र गीता (२०६७),*नेपाली कथा उपन्यास,* काठमाडौं : विधार्थी पुस्तक ।

शर्मा, गोपी कृष्ण (२०४९), *पारिजातको अख्यानकारिता,* जनमत ९/७ पृ १०-१८

शर्मा, मोहनराज (२०५०), *कथाको विकास प्रकिया* (द्धि संस्क), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४), *पूर्बीय एवम् पाश्चत्य साहित्य, समालोचना : प्रमुख मान्यता, बाद र प्रणाली (द्धि. संस्क. ),* ललितपुरः साझा प्रकाशन ।